# घरपझोङ राजपत्र

**घरपझोङ गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ७) जोमसोम, साउन २० गते, २०८३ साल (संख्या : ०५)**


# भाग - २

## घरपझोङ गाउँपालिका भित्र ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

घरपझोङ गाउँपालिका भित्री सडक सञ्जालले जोडिएका गाउँ, बस्ती र बजार क्षेत्रमा आवत जावत गर्नका लागि ठुला सवारी साधनहरु नियमित सञ्चालन नभएकोले सस्तो एवं छिटो छरितो रुपमा सर्वसाधारणको आवतजावतलाई सुलब बजाउनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११(७) ले दिएको अधिकार प्रयोग गरी घरपझोङ गाउँ कार्यपालिकाले मिति २०८३/४/१७ गते यो कार्यविधि स्वीकृत गरेको छ ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"घरपझोङ गाउँपालिका ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३"** रहेकोछ ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकवाट पारित गरी स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. <u>परिभाषा :</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. " **सडक"** भन्नाले यस गाउँपालिका क्षेत्र भित्र निर्माण भई ई-रिक्सा गुडाउनुका लागि उपयुक्त देखिएका सडक सम्झनु पर्दछ ।

ख. **"ई-रिक्सा"** भन्नाले प्रचलित ऐन, नियम बमोजिम सञ्चालनमा रहेका विद्युतिय प्रविधिबाट चल्ने ३ (तिन) पाङ्ग्रे सवारी साधनलाई सम्झनु पर्दछ ।

ग. **"कार्यविधि"** भन्नाले "घरपझोङ गाउँपालिका ई-रिक्सा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८३" सम्झनु पर्दछ ।

घ. **"रुट अनुमती तथा भाडादर निर्धारण समिति"** भन्नाले कार्यविधिको नियम ७ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ङ. **"सवारी /सवारी साधन"** भन्नाले गाउँपालिकामा दर्ता भएको वा दर्ताका लागि पेश भएको ई-रिक्सालाई सम्झनु पर्दछ ।

च. **"सवारी धनी"** भन्नाले प्रचलित कानून बमोजिम सवारी धनी अनुमती पत्र प्राप्त व्यक्ति तथा संस्था सम्झनु पर्नेछ ।

छ. **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले यस घरपझोङ गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ज. **"रुट ईजाजत पत्र"** भन्नाले घरपझोङ गाउँपालिकाबाट जारी सवारी दर्ता प्रमाण पत्रमा उल्लेखित रुट ईजाजत पत्र सम्झनु पर्दछ ।

झ. **"भाडादर"** भन्नाले गाउँ कार्यपालिकाले तोकेको भाडादर सम्झनु पर्दछ ।

ञ. **"गाउँपालिका"** भन्नाले घरपझोङ गाउँपालिकालाई जनाउनेछ ।

ट. **"गाउँ कार्यपालिका"** भन्नाले घरपझोङ गाउँ कार्यपालिकालाई सम्झनुपर्नेछ ।

## परिच्छेद २
## <u>दर्ता सम्बन्धी व्यवस्था</u>

**३.** <u>दर्ता गर्नु पर्ने :</u> (१) गाउँपालिका क्षेत्रभित्र ई-रिक्सा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले दर्ताका लागि देहाय बमोजिमका कागजात संलग्न राखी अनुसूची -१ बमोजिमको ढाँचामा गाउँपालिकामा निवेदन दिन सक्नेछ ।

१. सवारी धनीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी

२. सवारी खरिद गरेको मिति र सम्भव भएसम्म खरिद गरेको बिल बिजक

३. सवारीको चेसिस नम्बर

४. सवारी चालकको तोकिए बमोजिमको निकायबाट प्राप्त गरेको आधिकारीक सवारी चालक अनुमतीपत्रको प्रतिलिपी

५. तेस्रो पक्ष बिमा र यात्रु विमा गरेको प्रमाण

(२) दफा (१) बमोजिमका कागजात सहित गाउँपालिकामा निवेदन गरेको ५ (पाँच) दिनभित्र गाउँपालिकाले आवश्यक जाँचबुझ एवं छानबिन गरी प्रमुख प्रशासकीय अधिकृतले ई-रिक्सा दर्ता गरिदिनु पर्नेछ । सवारी दर्ता भएपछि उक्त सवारीको लगत अभिलेख खडा गर्ने र पहिचान खुल्ने सवारी साधन दर्ताको निस्सा उपलब्ध गराउनु पर्नेछ ।

(३) गाउँपालिकाबाट दर्ता गरेपछि नियमानुसार दर्ताको प्रमाणपत्र र सवारी चल्ने रुट समेत निर्धारण गर्नुपर्नेछ । दर्ता भएका ई-रिक्साको अनुसूची २ बमोजिमको निवेदन दिई बार्षिक नवीकरण गर्नुपर्ने छ ।

(४) दर्ता तथा नवीकरण शुल्क गाउँसभाले निर्धारण गरे बमोजिम हुनेछ ।तर शुरु वर्षमा गाउँसभाले दर्ता र नवीकरण शुल्क निर्धारण नगरेको भएमा गाउँसभाबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ । यस घरपझोङ गाउँपालिकाका स्थानीय व्यवसायीलाई ई-रिक्सा व्यावसायी प्रवर्धनका लागि दर्ता शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

(५) रुट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने यस प्रकारका सवारी साधनहरुले गाउँसभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ ।

४. **<u>सञ्चालन अनुमती लिनुपर्ने</u>:** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने ई-रिक्सा वा सोही प्रकृतिका अन्य सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने निकायबाट दर्ता गरी गाउँपालिकाबाट सञ्चालन अनुमती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सञ्चालन अनुमती नलिई गाउँपालिका क्षेत्र भित्र त्यस्ता सवारी साधन सञ्चालन गर्न पाइने छैन ।

**५. <u>दर्ता वा अनुमती विना सञ्चालन गर्न नपाईने</u>:** (१) यस गाउँपालिका क्षेत्रमा यो कार्यविधि बमोजिम दर्ता नगरी वा अनुमती पत्र नलिई कुनै पनि किसिमको ई-रिक्सा संचालन गर्न पाईने छैन ।

(२) निवेदन प्राप्त भए पश्चात आवश्यक कारवाहीको लागि राजश्व शाखाले कागजातहरु जाँचबुझ गरी दर्ता प्रकृया अघी बढाउने छ । गाउँपालिकाले ई-रिक्साको मेकानिकल परिक्षण गर्न आवश्यक ठानेमा मेकानिकल ईन्जिनियरबाट जाँचबुझ गराउन सकिने छ अन्यथा ई-रिक्सा उत्पादन कम्पनीले उपलब्ध गराएको कागजातहरु वा गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद ३
## रुट तथा इजाजत सम्बन्धी व्यवस्था

**६. रुट निर्धारण**: (१) यस कार्यविधि बमोजिम दर्ता भई सञ्चालन हुने ई-रिक्सा सञ्चालन गरिने रुटको भाडा दरको निर्धारण दफा (७) बमोजिमको रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिशमा कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) कुनै ई-रिक्सालाई दिइएको रुट इजाजत रद्द गर्ने वा परिवर्तन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

**७. रुट इजाजत तथा भाडादर निर्धारण समिति**: (१) रुट ईजाजत तथा भाडादर निर्धारण सम्बन्धी सिफारिस गर्न देहाय बमोजिम समिति हुनेछ:

| **क्र.सं.** | **पद/प्रतिनिधित्व** | **समितिमा पद** |
|---|---|---|
| १. | अध्यक्ष | संयोजक |
| २. | उपाध्यक्ष | सदस्य |
| ३. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. | पूर्वाधार विकास समितिका संयोजक | सदस्य |
| ५. | गाउँ कार्यपालिकाले तोकेको वडाध्यक्ष १ जना | सदस्य |
| ६. | स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधि १ जना | सदस्य |
| ७. | स्थानीय ट्राफिक प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| ८. | यातायात व्यवसायी सघंको तर्फबाट प्रतिनिधी १ जना | सदस्य |
| ९. | गाउँ कार्यपालिकाले तोकेको स्थानीय महिला उपभोक्ता प्रतिनिधी १ जना | सदस्य |
| १०. | ई-रिक्सा सञ्चालक प्रतिनिधि १ जना | सदस्य |
| ११ | राजश्व शाखा प्रमुख | सदस्य-सचिव |

(२) समितिले बैठकमा सरोकार राखे स्थानीय सङ्घीय तथा प्रादेशिक कार्यालयका प्रतिनिधीलाई आमन्त्रण गर्न सक्नेछ ।

**८. रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार**: (१) रुट ईजाजत तथा भाडादर निर्धारण समितिको काम कर्तव्य अधिकार देहाय बमोजिम हुनेछ ।

१. ईरिक्साको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी गर्न गाउँ कार्यपालिकालाई सिफारिश गर्ने ।

२. प्रचलित ऐन, कानून प्रतिकुल नहुने गरी गाउँपालिका क्षेत्र भित्रका सडकहरुको भाडा दर निर्धारण गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

३. प्रचलित ऐन कानून बमोजिमका मापदण्ड पुरा गरी आएका सवारी धनीलाई सवारी चाप, यात्रीको चाप मुल्यांकन गरी रुट ईजाजत दिन सिफारिश गर्ने ।

४. रुट इजाजत परिर्वतन गर्न चाहने सवारी धनीलाई कानून बमोजिम मुल्यांकन गरी प्रतिवेदन दिने ।

५. पटक पटक कार्यविधि उल्लंघन गर्ने सवारी साधनको रुट ईजाजत खारेज गर्न सिफारिस गर्ने ।

६. गाउँ कार्यपालिकाबाट तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(२) इजाजत समितिवाट सिफारिस भै गाउँ कार्यपालिकाबाट स्वीकृत भाडादर सवारी साधनमा सबैले देखे गरी टाँस्नु पर्नेछ । सवारी साधनले निर्धारित भाडादर भन्दा बढी भाडा लिन पाउने छैन । गाउँ कार्यपालिकाले यसरी निर्धारित गरेको भाडादर भन्दा बढी भाडा असुल गर्ने ई-रिक्साको अनुमतीपत्र खारेज गर्न सक्नेछ ।

**९. <u>संख्या निर्धारण :</u>** (१) गाउँपालिका क्षेत्र भित्र सञ्चालन हुने ई-रिक्साको संख्या गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) गाउँ कार्यपालिकाले उपदफा (१) बमोजिम संख्या निर्धारण गर्दा यात्रुको चाप र सुविधा, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनको अवस्था जस्ता पक्षको विश्लेषण र रुट इजाजत तथा भाडादर निर्धारण समितिको सिफारिश समेतका आधारमा गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम निर्धारण गरिएको संख्यालाई आवश्यकताका आधारमा गाउँ कार्यपालिकाले थपघट गर्न सक्नेछ ।

**१०. <u>सवारी धनीले पालना गर्नुपर्ने कुराहरु :</u>** यस कार्यविधिमा उल्लेख भएका कुराहरु सोही बमोजिम र सो बाहेक सवारी धनीहरुले देहाय बमोजिमको आचरण पालना गर्नुपर्नेछ ।

१. सवारी धनी र सवारी चालकको ठेगाना र फोन नं सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सबैले देख्ने गरी राखुपर्नेछ ।

२. प्रचलित कानून बमोजिम यात्रु तथा तेस्रो पक्ष बिमा गराएको हुनुपर्दछ ।

३. निषेधित भनी तोकिएको क्षेत्रमा सवारी सञ्चालन गर्न पाइनेछैन ।

४. दर्ता नभएका र नवीकरण नभएका सवारी साधनहरु सञ्चालन गर्न पाइने छैन ।

५. सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचयपत्र उपलब्ध गराउनु पर्नेछ र सवारी चालकले अनिवार्य परिचयपत्र लगाउनु पर्नेछ ।

६. मादक पदार्थ वा लागु औषध सेवन गरी सवारी सञ्चालन गर्न पाइने छैन ।

७. गाउँपालिकाबाट निर्धारित भाडादर सवारी साधनमा सबैले देखे ठाउँमा टाँस गर्नुपर्नेछ ।

८. यात्रुहरु सँग तोकिएको भाडादर मात्र लिनु पर्नेछ ।

## परिच्छेद ४
## विविध एवं सजाय सम्बन्धी व्यवस्था

**११. <u>बिमा गर्नुपर्ने</u>:** (१) सवारी धनीले प्रचलित कानून बमोजिम यात्रु तथा तेश्रो पक्ष बिमा गर्नुपर्नेछ ।

**१२. <u>इजाजत पत्र खारेजी</u>:** (१) सवारीधनी तथा सवारी चालकले यस कार्यविधि विपरित कुनै कार्य गरेको, सवारी चालकले पालना गर्नुपर्ने आचरण पालना नगरेको, निर्धारित भाडादर भन्दा बढी भाडा असुल गरेको तथा प्रचलित अन्य यातायात व्यवस्था सम्वन्धी कानुन उल्लंघन गरेको भनी निजको इजाजतपत्र खारेजी गर्न समितिको सिफारिस भै आएमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम त्यस्ता सवारी साधानको इजाजत पत्र प्रमुख प्रशासकीय अधिकृतले खारेजी गरी सोको अभिलेख राख्नेछ ।तर यसरी खारेजी गर्नु अघि सम्वन्धित सवारी धनीलाई सफाई पेश गर्ने मौका दिइनेछ ।

**१३. <u>दण्ड जरिवाना सम्बन्धी व्यवस्था</u>:** (१) यस कार्यविधि बिपरीत दर्ता अनुमती लिनु पर्नेमा सो नगरी सवारी सञ्चालन गरेको वा रुट अनुमती बिना ई-रिक्सा चलाएको पाइएमा त्यस्ता सवारी धनीलाई रु ५ हजार जरिवाना गरी नियमानुसार अनुमती लिन निर्देशन दिन सकिनेछ । यसरी निर्देशन दिंदा समेत सो को पालना नगरी सवारी चलाएको पाइएमा त्यस्ता सवारी जफत गरी नियमानुसार लिलाम बिक्री गरिनेछ ।

(२) यस कार्यविधि बमोजिम कुनै ई-रिक्सा चालकले सवारी चालक अनुमतीपत्र प्राप्त नगरी सवारी चलाएको, तोकिए भन्दा बढी भाडा असुल गरेको वा दफा (१०) बमोजिम आचरण पालना गरेको नपाईएमा निजलाई यातायातको नियमानुसार जरिवाना गरिनेछ र तिन पटक भन्दा बढी सोही कसुर गरेको पाइएमा निजको दर्ता अनुमती र रुट इजाजत खारेज गरिनेछ ।

**१४. <u>व्याख्या तथा संशोधन</u>:** यस कार्यविधिको कुनै दफाको व्याख्या वा कुनै विषय संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

**अनुसूची १**
**(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)**
**सवारी दर्ता गर्न दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ।

मेरो/हाम्रो नाममा खरिद भएको प्राप्त भएको झिकाएको निम्न विवरण भएको ई-रिक्सा शुरु दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसैसाथ राखी पेश गरेको छु/छौं । उक्त सवारी जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं ।

१. ई-रिक्सा झिकाउने (व्यक्ति, फर्म कम्पनी वा संस्था) को नाम थर :
२. ठेगाना :
३. पिता वा पतिको नामथर (व्यक्ति भएमा) :
४. साबिकमा यातायातमा दर्ता भएको भए दर्ता नं/प्रमाणपत्र :
५. ई-रिक्साको किसिम/क्षमता :
६. ई-रिक्सा बनाउने कम्पनीको नाम :
७. ई-रिक्साको मोडल नं (निर्माण भएको साल) :
८. बेट्री पावर :
९. हर्ष पावर सि.सि. :
१०. ई-रिक्साको मोटर नं :
११. ई-रिक्साको चेसिस नं :
१२. ई-रिक्साको रङ :
१३. प्रयोग गर्ने बेट्रीको किसिम :
१४. ई-रिक्सामा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण :
१५. ई-रिक्साको वजन क्षमता :
१६. भन्सार तिरेको निस्साः
   क. भन्सार कार्यालयको नाम :
   ख. प्रज्ञापनपत्र नं :
   ग. रसिद नं :
   घ. मिति :
१७. अन्य प्रमाणको विवरण :

**दरखास्तवालाको**
सही :
नाम थरः
ठेगानाः
मितिः

<u>**कार्यालय प्रयोजनका लागि**</u>
सवारी निरीक्षणको व्यहोरा :
प्रदान गरिएको दर्ता नं :
सवारी रुट इजाजतपत्रको विवरण :
दर्ता मिति :

माथी उल्लेखित विवरणहरुका साथै गाउँ कार्यपालिकाको मिति २०...../..../.... गतेको निर्णय अनुसार ई-रिक्सा दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्दछु ।

| पेश गर्ने | रुजु गर्ने | सदर गर्ने |
|---|---|---|
| राजश्व सहायक | राजश्व शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

**अनुसूची २**
**(नियम ३ को उपनियम (३) सँग सम्बन्धित)**
**दर्ता प्रमाणपत्र नवीकरण गराउन दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत
घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ।
मेरो/हाम्रो नाममा दर्ता भएको निम्न विवरण भएको सवारीको दर्ता प्रमाणपत्रको नवीकरणका लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसैसाथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं ।
सवारी दर्ता नं :
सवारीको किसिम :
सवारी धनीको नामथर :
सवारी नवीकरण म्याद समाप्त भएको मिति :
सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नुपर्ने अवधि :

सवारी साधन आयकर बुझाएको निस्सा :
(क) सवारी आयकर बुझाएको कार्यालय :
(ख) सवारी आयकर बुझाएको अवधि :
(ग) रसिद वा भौचर नं :
(घ) मिति :

भाडाका सवारीको लागि बाटो इजाजतपत्र :
(क) बाटो इजाजतपत्र दिने कार्यालय :
(ख) बाटो इजाजतपत्र पाएको क्षेत्र :
(ग) बाटो इजाजतपत्र पाएको अवधि :
(घ) बाटो इजाजतपत्र लिएको मिति :

दरखास्तवालाको नामथर :
सही :
ठेगाना :
मिति :

**कार्यालय प्रयोजनका लागि**
नवीकरण गरेको मिति :
नवीकरण गरेको अवधि :

| पेश गर्ने | रुजु गर्ने | सदर गर्ने |
|---|---|---|
| राजश्व सहायक | राजश्व शाखा प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |

**अनुसूची ३**
**सवारी रुट अनुमतीका लागि दिइने दरखास्त**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
घरपझोङ गाउँ कार्यपालिकाको कार्यालय,
जोमसोम, मुस्ताङ।

विषय : सवारी रुट अनुमती पाउँ ।

महोदय,
मेरो/हाम्रो नाममा रहेको र यातायात व्यवस्था कार्यालयमा दर्ता रहेको देहाय बमोजिमको विवरण भएको ई-रिक्सालाई निम्न रुटमा सञ्चालन गर्न अनुमती पाउँन दरखास्त बापत रु ............ (..............रुपैयाँ मात्र) को रसिद संलग्न राखी निवेदन गरेको छु/छौं ।

क) सवारी साधनको विवरण
१. सवारीको किसिम :
२. सवारी दर्ता नं र कार्यालय :
३. सवारीको इन्जिन नं :
४. सवारीको चेसिस नं :
५. सवारीको मोडल र बनेको साल :
६. यात्रु सिट संख्या :
ख) सवारी धनीको विवरण :
१. नामथर :
२. ठेगाना :
३. संस्था भए सोको दर्ता विवरण :
ग) सञ्चालन माग गरेको रुट :
घ) संलग्न कागजात :
१. सवारीदर्ता प्रमाणपत्र
२. सवारीधनीको नागरिकताको प्रमाणपत्र
३. विदेशी भएमा अनुमतीपत्र
४. संस्था भएमा संस्था दर्ता प्रमाणपत्र

प्रचलित ऐन कानूनमा व्यवस्था भएका सम्पूर्ण प्रावधानहरु पालना गरी सवारी व्यवसाय सञ्चालन गर्नेछु । यसमा लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

मिति :
दस्तखत :
आवेदकको नाम :
ठेगाना :

**अनुसूची ४**
**इजाजत पत्रको ढाँचा**

आर्थिक वर्ष :
इजाजतपत्र नं :
मिति :
श्री...........................................................
तपाईको नाममा दर्ता श्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई आ.व. २०...../....... को लागि देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजतपत्र दिइएको छ । प्रचलित कानूनको अधिनमा रही सवारी सञ्चालन गर्नुहुन अनुरोध छ ।
क) सवारी साधनको विवरण
१. सवारीको किसिम :
२. सवारी दर्ता नं र कार्यालय :
३. सवारीको इन्जिन नं :
४. सवारीको चेसिस नं :
५. सवारीको मोडल र बनेको साल :
६. यात्रु सिट संख्या :

ख) सवारी धनीको विवरण :
१. नामथर :
२. ठेगाना :
३. संस्था भए सोको दर्ता विवरण :

ग) सञ्चालन अनुमती दिइएको रुट :
घ) सञ्चालन गर्न अनुमती दिइएको अवधि :
रुट इजाजतपत्र प्रदान गर्ने पदाधिकारीको
दस्तखत :
नामथर :
पद :
मिति :
**नवीकरण विवरण**

| मिति | रसिद नं | नवीकरण अवधि | नवीकरण गर्ने पदाधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |

**आज्ञाले,**

..................................
**भिम कुमार बस्नेत**
**घरपझोङ गाउँपालिकाको**
**प्रमुख प्रशासकीय अधिकृत**
**मितिः २०८३/०४/२०**